# पूर्वखोला गाउँपालिका कार्यालय

## दोस्रो सार्वजनिक सुनुवाई कार्यक्रम

## प्रतिवेदन-२०८१






**प्रतिवेदन पेश गर्ने संस्था :**

पाल्पा विकास केन्द्र,

तानसेन

**भूमिका :**

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङकन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिन्छ । सार्वजनिक सुनुवाई कुनै पनि समूह तथा संस्थाको पारदर्शिता र जिम्मेवारीलाई सुदृढ गर्न अपनाइने एउटा सहभागितामूलक प्रक्रिया हो । सूचनाको आदानप्रदान तथा प्रश्नोत्तर विधिबाट स्थानीय समुदायलाई आफुले गरेका कामको मुल्याङकन गर्ने अवसर प्रदान गर्ने एक विधि पनि हो । सार्वजनिक सुनुवाईबाट आएका सवालहरू तथा सिफारिस गरिएका बिषयहरू क्रमिक रुपमा कार्यान्वयन गरिन्छ । आवधिक रुपमा पुनरावलोकन तथा समिक्षा गरिन्छ नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरूको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्बन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले व्यवस्था गरेको छ । सुशासन ( सञ्चालन तथा व्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले सञ्चालन गरेका हरेक गतिविधिहरूको बारेमा नागरिकहरूलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाई गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था रहेको छ । स्थानीय नेतृत्वको विकास गदै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार सञ्चालन ऐन व्यवस्था गरेको छ । सोही विधेयकको परिच्छेद-१० को आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने व्यवस्थामा सार्वजनिक सुनुवाईको व्यवस्था गरेको । स्थानीय तहहरूले सार्वजनिक सुनुवाई सम्बन्धि आफै कार्यविधि तयार गरी कार्यान्वयन गरिरहेका छन् । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरू सार्वजनिक गर्दै सुधारात्मक पक्षहरूको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरूको गुनासो तथा जिज्ञासाहरूको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाई सञ्चालन गरिएको थियो । सार्वजनिक सुनुवाईले सुशासन, पारदर्शिता र जवाफदेहिता बृद्धिमा महत्वपूर्ण औजारको काम गर्दछ । यसले नागरिकको अधिकार स्थापित गरी विकासलाई न्यायोचित ढङ्गले वितरण गर्न मार्गनिर्देशन हुनेछ । गाउँपालिको कार्यसम्पादनलाई चुस्त र सुदृढ बनाउन, सार्वजनिक सेवाप्रवाहलाई सेवाग्राहीमैंत्री बनाउन र जनस्तरबाट पृष्ठपोषण प्राप्त गर्न सार्वजनिक सुनुवाईले सहज बनाएको छ । सोही अनुसार पूर्वखोला गाउँपालिका सार्वजनिक सुनुवाई कार्यकम २०८० चैत्र २८ गते गाउँपालिको वडा नं. १ सिलुवामा पाल्पा विकास केन्द्रको सहजिकरणमा सम्पन्न भएको छ ।

**सार्वजनिक सुनुवाईको उद्देश्य :**

- गाउॅपालिकाको सेवा उपभोग गर्ने क्रममा आइपर्ने समस्याका बारेमा सर्वसाधारणले खुलेर आफ्ना समस्या राख्ने अवस्था सिर्जना गर्ने ।
- गाउॅपालिकाले गरेका कार्यकम, प्रगति, आइपरेका समस्याका बिषयहरू पालिकाबासीसम्म पुऱ्याउने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवामा भएका गुनासाहरू, स्पष्ट नभएका बिषयहरूको सम्बोधन गदै प्रभावकारी तथा सेवाग्राहीमैंत्री बनाउने उपायको खोजी गर्ने ।
- गाउँपालिका र नागरिक बीचको सम्बन्धलाई थप सुधार गर्ने ।

**सहजिकरण संस्था र व्यक्ति :**
पाल्पा विकास केन्द्र, तानसेन
सहजकर्ता : कृष्ण पोखरेल र किरण कौशल
**सार्वजनिक सुनुवाईको कार्य विवरणहरू :**

- प्रश्न निर्माण तथा आवश्यक तयारी ।
- सार्वजनिक सुनुवाई सहजिरकण ।
- सेवाग्राहीहरूसंग सेवाका बारेमा प्रश्नावलीहरू ।
- प्रतिवेदन निर्माण ।

**सार्वजनिक सुनुवाई स्थाल :**
पूर्वखोला गाउँपालिका वडा नं. १ सिलुवा, जनमार्ग माध्यमिक विद्यालय सभाहल
**सार्वजनिक सुनुवाई कार्यक्रमको मिति :** २०८० चैत्र २८ गते
**सार्वजनिक सुनुवाईमा सहभागी संख्या :** १३५ जनाको सहभागी रहेको थियो ।
**सार्वजनिक सुनुवाई सञ्चालन गरिएको समयावधि :** ४:४५ घण्टा
**सार्वजनिक सुनुवाई कार्यक्रममा समावेश विषयहरू :**

- गाउँपालिकाबाट सेवाग्राहीहरूलाई उपलब्ध गराइएका वा गराइने सेवा सुविधाहरूको बारेमा जानकारी समावेश गरिएको प्रतिवेदन प्रस्तुत,
- गाउँपालिकासँग सम्बन्धित समस्या, जनगुनासो तथा उजूरी,
- गाउँपालिकाबाट गत आर्थिक बर्षमा प्राप्त उपलब्धीहरू र चालू आार्थिक वर्षमा सञ्चालन गर्न लागिएका योजना, परियोजना, कार्यक्रम, बजेट आदिका बारेमा सम्बन्धित सरोकारवाला तथा अन्य नागरिकलाई बिस्तृत जानकारी दिने विषय,
- गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रमको सकारात्मक वा नकारात्मक प्रभावबारे मूल्याङकन गर्ने विषय,
- अघिल्लो सार्वजनिक सुनुवाईमा औल्याइएका विषयमा भएका सुधार तथा उपलब्धीहरू ।

**सार्वजनिक सुनुवाईको ढाँचा र व्यवस्था :**

- पूर्वखोला गाउँपालिका अध्यक्ष नून बहादुर थापाको अध्यक्षता,
- पूर्वखोला गाउँपालिका उपाध्यक्ष भागिरथी शर्मा भट्टराई स्वागत,
- गाउँपालिकाबाट प्रवाह गर्ने सेवा, सुविधा, बजेट कार्यकमको बारेमा प्रमुख प्रशासकिय अधिकृत सुन्दर प्रसाद श्रेष्ठद्वारा सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुतिकरण,
- गाउँपालिकाले आर्थिक बर्ष २०८०/०८१ (चैत्र महिनासम्म) अर्थात् दोस्रो चौमासिकका गतिविधि, प्रगति, सुधार गरिएका बिषय, समाधान गर्न खोजिएका समस्याहरू, भावी योजना र सेवा प्रवाहमा देखिएका जटिलता आदी ।
- सार्वजनिक सुनुवाई कार्यक्रमको आचारसंहिताबारे जानकारी,
- नागरिक प्रतिवेदन पत्र भाग १ र भाग २,
- निर्गम अभिमत संकलन प्रस्तुती,
- जिज्ञासा, सुझाव संकलन र प्रश्न उत्तर खुल्ला ।

## नागरिक प्रतिवेदन पत्र भाग -१

| बिषय क्षेत्र | अवस्था |
| --- | --- |
| १. सेवाको सन्तुष्टि (कार्यालय समय र कर्मचारीको व्यवहार) | अधिकांश उत्तरदाता ७५ प्रतिशतले ठिकै भनेका छन् । तर २५ प्रतिशतले सन्तुष्ट भनेकाले सबैलाई सन्तुष्ट बनाउने तर्फ लाग्नुपर्ने देखिन्छ । |
| २. सेवाको नियमितता (नागरिक वडापत्र, कर्मचारीको समय व्यवस्थापन, सार्वजनिक सरोकारका बिषय) | अधिकांश उत्तरदाता ७५ प्रतिशले ठिकै भन्ने उत्तर दिएका छन् तर विश्वस्त भन्ने बनाउने तर्फ लाग्नु पर्ने र सेवाप्रवाहलाई सहज बनाउन जरुरी देखिन्छ । |
| ३. सेवा प्रतिको जनविश्वास (सेवा प्रवाहको जानकारी र प्रचारप्रसार) | ठिकै भन्ने झण्डै ५० प्रतिशत उत्तरदाता देखियो, यसलाई धेरै राम्रो भन्ने प्रतिशतमा बृद्धि गर्नुपर्ने तर्फ लाग्नुपर्ने देखिन्छ । जनविश्वास बढाउने कार्य गर्न जरुरी छ । |
| ४. सेवाको गुणस्तर (सेवाको जानकारी, सेवा लिन लाग्ने सयम र सेवा लिनका लागि सहयोग लिएको व्यक्ति) | करिब ७५ प्रतिशत उत्तरदाताबाट सन्तुष्ट भन्ने उत्तर आएकाले धेरै सन्तुष्ट भन्ने बनाउने तर्फ लाग्नुपर्ने देखिन्छ । पालिकाले जनतामैत्री सेवाप्रवाह गर्न अझै कर्मचारीलाई क्षमता विकास वा सहजिकरण आवश्यक देखियो । |
| ५. सेवा सम्बन्धी जानकारी (भौतिक अवस्था, सीमान्तकृत वर्गको सहभागीता, सेवाग्राही र कार्यालय बिचको सम्बन्ध) | ठिकै/कम भन्ने उत्तरदाताहरू ७५ प्रतिशत देखिएको छ । त्यसैले अति राम्रो/धेरै सहभागिता छ भन्ने गराउने प्रयासको खाँचो देखियो । पालिकाले जानकारी दिनुपर्ने बिषयलाई बढाउनु पर्ने देखिन्छ । |
| ६.नागरिक वडापत्र/उजुरी पेटिकका/गुनासो सुन्ने अधिकारी | ● ७० प्रतिशतले नागरिक बडापत्र र उजुरी पेटीकाको कम प्रयोग गरेको अर्थात् अधिकांश उत्तरदाताले कम प्रयोग गरेको जवाफ दिएकाले यसलाई बढाउनु पर्ने वा सबै नागरिकलाई यसबारेमा जानकारी दिनुपर्ने देखिन्छ ।<br>● नागरिकहरूले गुनासा राख्ने र उजुरी पेटीको प्रयोग ५० प्रतिशतले ठिकै भएको र ५० ले भएको छैन भन्ने उत्तर आएकाले उजुरी दिने वातावरण प्रदान गर्नुपर्ने देखिन्छ । गुनासो सुन्ने अधिकारीको व्यवस्था गरेर गुनासोलाई सकेसम्म समाधान गर्ने जरुरी देखिन्छ । |

*थप विवरण अनुसूचीमा छ*

## नागरिक प्रतिवेदन पत्र भाग -२

| बिषय क्षेत्र | अवस्था |
| --- | --- |
| १. सिफारिस सम्बन्धी (आवश्यक कागजातहरूको प्रष्ट र लाग्ने दस्तुर र कार्यमा सहयोग) | आवश्यक सिफारिस प्राप्त गरेको तर कुन सिफारिसलाई के कागजात चाहिन्छ भन्ने जानकारीमा ३५ प्रतिशतले जानकारी पाए भन्ने उत्तर दिएकाले अझै प्रष्ट पार्ने गतिविधि सञ्चालन गर्नुपर्ने देखियो । स्पष्ट पाइन भन्नेहरु नदेखिएपनि सिफारिस सम्बन्धी जानकारी बारेमा हाते पुस्तिका बनाउन सकिन्छ । त्यसमार्फत प्रचार गर्न जरुरी छ । |
| २. राजश्व, शुल्क तथा दस्तुर | पालिकाको कर प्रणाली प्रति त्यती गुनासा देखिएन, सबैजनाले पालिकाको आर्थिक ऐन अनुसारको कर तिरेको देखिन्छ । |

| | |
|---|---|
| ३.पुर्वाधार तथा सरसफाई सम्बन्धी (कार्यालय र जनस्वास्थ्य सम्बन्धी गतिविधि) | कार्यालय र अन्य सरसफाईको बारेमा ६० प्रतिशत उत्तरदाताले ठिकै भन्ने उत्तर दिएका छन् । सरसफाई निकै राम्रो थियो भन्ने उत्तर आउने बनाउने बारेमा ध्यान दिनुपर्ने देखिन्छ । |
| ४. विकास निर्माणको स्थिति ( योजनाको प्रभावकारीता, प्राविधिक सहयोग, | पूर्वाधार निर्माणमा अनुगमन बढाउनु पर्ने देखियो, उपभोक्ता समितिको क्षमता विकास गर्नुपर्ने, विकास निर्माणको कार्य ठिकै अवस्थामा रहेको उल्लेख गर्ने उत्तरदाता बढी देखिए, बील भुक्तानी प्रक्रिया ६० प्रतिशतले सहज भएको, प्राविधिक जनशक्तिको कार्यशैली र सहयोगका बारेमा सन्तोषजनक व्यवहार भएको उल्लेख गर्ने उत्तरदाता संख्या ५० प्रतिशत हाराहारीमा देखियो । पालिकाको विकास निर्माण अवस्था बारेमा सन्तोषजनक उत्तर दिएका छन् । |
| ५.आर्थिक स्रोत र कार्यशैली (आम्दानी र खर्च, आर्थिक सहयोग, श्रोतको अवस्था) | ● पालिकाको आर्थिक स्रोत प्राप्तिका बारेमा कम श्रोत उपलब्ध हुन्छ भन्ने उत्तरदाताहरु ६० प्रतिशत भन्दा बढी देखिएकाले यसमा पालिकाको श्रोतको उपलब्धता बारेमा आमनागरिकलाई जानकारी दिन आवश्यक देखिन्छ ।<br>● पालिकाले आर्थिक अनुशासन पालना गरेको देखिन्छ तर त्यसको सन्देश समुदायसम्म पुग्न सकेको छैन ।<br>● मुल्य अभिबृद्धि कर र अन्य करका बारेमा स्पष्टता आवश्यक देखियो, पालिकाले उपभोक्ताको भुक्तानीमा कर कटौती र जनश्रमदानको बारेमा जानकारी दिनुपर्ने देखिन्छ । |
| ६. पारदर्शिता सम्बन्धी ( सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, प्रतिबद्धताको कार्यान्वयन, अनुगमन सयन्त्र, नीति कार्यक्रमको समिक्षा) | पालिकाका गतिविधिहरूको पारदर्शीता सम्बन्धी विधि र उपाय बढाउनु पर्ने र आम नागरिकलाई यस बारेमा जानकारी दिनुपर्ने देखिन्छ । किनकी वडा र पालिकाको कार्य सञ्चालन प्रणालीका बारेमा धेरैको चासो छ । विगतमा गरिएका प्रतिबद्धता र नीति कार्यक्रम कार्यान्वयन भएको र समिक्षा गरिएको बारेमा ५० प्रतिशत उत्तरदाताले मात्रा जानकारी पाएको उल्लेख गरिएको छ । |

*थप विवरण अनुसूचीमा छ*

**बहिर्गमन अभिमत अनुसार :**

| सि.नं. | सेवाको नाम | मुल्याङ्कन | | | अवस्था |
|---|---|---|---|---|---|
| १ | सेवा लिनका लागि कोसँग सर्म्पक गर्ने भन्ने बारेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट *१० प्रतिशत* | ठिकै *९० प्रतिशत* | अस्पष्ट *० प्रतिशत* | सन्तोषजनक देखियो । अति स्पष्टलाई बढाउन सके राम्रो हुने छ । |
| २ | सेवा प्रदान गर्ने कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझ्े जस्तो लाग्यो ? | अति धेरै *२० प्रतिशत* | ठिकै *७५ प्रतिशत* | थोरै *५ प्रतिशत* | अपेक्षा थोरै बुझ्े भन्नेलाई शुन्य बनाउन जरुरी छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार *२० प्रतिशत* | ठिकै *८० प्रतिशत* | अमर्यादित | ठिकै देखियो, मिलनसारलाई अझै बढाउन सके राम्रो हुने थियो । |
| ४ | सेवा प्राप्त गर्ने आवश्यक सूचनाहरु र प्रमाण, कागजात र शुल्क बारेमा सेवा प्रदान गर्ने कर्मचारीले स्पष्ट गरे की ? | अति स्पष्ट गरिदिए *२० प्रतिशत* | ठिकै *८० प्रतिशत* | अलमल/ अस्पष्ट | अति स्पष्टलाई अझै बढाउन सके राम्रो हुने देखिन्छ । |
| ५ | तपाईले राख्नु भएको समस्यालाई के-कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट *१५ प्रतिशत* | ठिकै *८५ प्रतिशत* | समाधान दिन सकेनन् | अति सजिलो तरिकाबाट दिएलाई बढाउन सके राम्रो हुने देखिन्छ । |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के-कस्तो लाग्यो ? | अति सजिलो १० प्रतिशत | ठिकै *८० प्रतिशत* | लामो र झन्झटिलो | अति सजिलो गरी भन्ने पक्ष बढाउनु पर्ने देखिन्छ । |

**पूर्वखोला गाउँपालिका सवल पक्षहरू :**

- २०८०/०८१ आर्थिक बर्षमा ३ सय ४४ वटा योजना मध्ये ५४ प्रतिशत योजना सम्पन्न भएको देखिन्छ । थोरै मात्रै सम्झौता हुन बाँकी देखियो । पालिका भित्र ११ वटा भन्दा बढी ठूला योजना सञ्चालनमा रहेका छन् । तर योजना संख्या अलि धेरै देखियो । यसमा सुधारको खाँचो देखिन्छ ।
- संघिय सरकार र प्रदेश सरकारसंग स्रोत मागका लागि निरन्तर पहल गरेको देखिन्छ ।
- गाउँपालिकाले खानेपानी र सडक बिस्तार क्षेत्रमा निरन्तर पहल भइरहेको र ट्रस पुलहरू निर्माण भएको देखिन्छ । पूर्वाधार विकासमा सुधार भएको तर स्थानीय स्तरमा आयआर्जन गर्न सकिने कार्यक्रम सञ्चालनमा अझै जोड दिनुपर्ने देखिन्छ ।
- समुदायलाई प्रत्यक्ष लाभ पुग्ने आँखा जाँच शिविर, एकिकृत घुम्ती शिविर सञ्चालन भएको देखिन्छ ।
- जनप्रतिनिधि र कर्मचारीको व्यवहार राम्रो, मिलनसार र जनतामैत्री रहेको तथा वडा र पालिकाको सेवा प्रभाव सुधारउन्मुख भएको देखिन्छ ।
- मेलमिलापकर्ताको तालिम सञ्चालन, एकल महिलालाई झिनिया बनाउने तालिम, शिक्षा सेवा आयोगको तयारी कक्षा सञ्चालन गरिएको छ ।
- ३ लाख भन्दा बढीका योजनाहरूको कम्तीमा २ पटक अनुगमनको व्यवस्था मिलाइएको छ । सकेसम्म योजनाहरूको गुणस्तर कायम गर्ने पहल गरिएको छ । योजनाको दिगोपनमा बढी ध्यान दिन भने आवश्यक देखियो ।
- स्थानीय कृषि उत्पादन बिक्री वितरणलाई हाटबजार सञ्चालनको थालनी भएको देखिन्छ । त्यसका साथै उत्पादनमा आधारित अनुदानलाई प्रोत्साहन गर्नुपर्ने तथा अनुदान प्राप्त गरेका व्यक्ति र फर्महरूको खोजी गर्नुपर्ने देखिन्छ ।

- पालिकाले विद्यार्थी र विद्यालयलाई लक्षित स्काउट प्रशिक्षक तालिम र प्राथमिक उपचार तालिम स्वास्थ्य क्षेत्र) सञ्चालन गरेर स्काउट विकास र समुदायमा हुने दुर्घटनामा तत्काल प्राथमिक उपचार गर्न सकिने कार्यको थालनी गरेको देखिन्छ ।
- भलिवल सहितका खेलहरूको विकासमा पालिकाले प्रोत्साहन गरेको देखिन्छ ।


**गाउँपालिकाले सुधार गर्नुपर्ने विषयहरू :**

- पालिकाको सेवाप्रवाहमा प्रविधि अर्थात् इन्टरनेट सेवाले दुःख दिएको देखिन्छ । यसलाई भरपर्दो बनाउनुपर्ने देखिन्छ । कर्मचारी तालिम र विदामा जाने बेलामा वैकल्पिक कर्मचारी नहुदा एक पटक भन्दा बढी सेवा लिन आउनु परेको गुनासा छन् ।
- स्थानीय कच्चा पदार्थहरूको सदुपयोग हुने उद्योग र व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्नुपर्ने देखिन्छ । स्थानीय कुखुरा पालन, पूर्वखोलाको चामल बिक्री गर्न सकिने बनाउनु पर्ने देखिन्छ ।
- पालिका भित्र भू-क्षय नियन्त्रणमा ध्यान दिनुपर्ने र खनिएका सडकहरूको बिस्तारै स्तरउन्नती गर्नुपर्ने देखिन्छ । पालिका गौरवको सडक निर्माणमा अझै ताकेता बढाउनु पर्ने र पहिरोग्रस्त क्षेत्रमा सहज यातायात सञ्चालनमा थप पहल गर्नुपर्ने देखिन्छ ।
- पालिकाको बजेट निर्माण ७ चरणहरूलाई पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्ने तथा सबै पक्षको सुझाव वा सल्लाहलाई ग्रहण गर्नुपर्ने तथा त्यही अनुसार व्यवहार गर्नुपर्ने देखिन्छ । साथै पालिकाले आवधिक योजना बनेकाले योजनाहरू सोही योजना अनुसार प्राथमिकरण गर्न जनप्रतिनिधि समेत सचेत हुनुपर्ने देखिन्छ ।
- उपभोक्ता समितिको बैंक खाता खोल्ने क्रममा बैंकबाट कम सहजिकरण भएको गुनासो आएकाले बैंकसंग समन्वय गर्नुपर्ने देखियो ।
- घटना दर्ता अनलाइन गर्नुपर्ने तर स्टिममा समस्या आउने र वडा कार्यालयहरूको ब्याट्री व्यापक कमजोर हुदा सेवाप्रवाहमा अप्ठारो भएका उद्दाहरण रहेका छन् ।
- विद्यालयस्तरको परीक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिन्छ । विद्यार्थी फेल हुन पदैन भन्ने सोचाईले पठाइ कमजोर हुन थालेको देखिन्छ । यसको सुधारका लागि ध्यान दिनुपर्ने देखिन्छ । विद्यालयलाई आवश्य पर्ने शैक्षिक सामग्री प्रदान गर्ने र शिक्षकलाई आवश्यक तालिम सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- उपभोक्ताले योजनाको काम सम्पन्न भए लगत्तै नापजाँच भई भुक्तानी पाउने अवस्था बनाउनु पर्दछ । उपभोक्ता समिति र ठेक्का प्रक्रियाबाट योजना निर्माण गर्दा हुने फाइदा बारेमा समुदायस्तर चेतना बृद्धि गर्नुपर्ने देखिन्छ । किनकी गतबर्ष उपभोक्ता मार्फत भएका कार्य, यो बर्ष ठेक्का लगाउन किन आवश्यक छ भन्ने बारेमा बताउनु पर्ने देखिन्छ । यसले समुदायमा शंका उत्पादन भएका छन् । निर्माण व्यवसायीबाट हुने काममा उपभोक्ताबाट भन्दा बढी अनुगमन हुनुपर्ने देखिन्छ ।
- कृषि र पशुपालन क्षेत्रको विकासमा सञ्चालित परियोजनालाई अझै किसानमैत्री बनाउनु पर्ने तथा कृषि र पशु उत्पादनहरूको बजारिकरणमा थप सहजिकरण गर्नुपर्ने सुझाव आएका छन् । सिंचाईमा आधुनिक प्रविधि प्रयोग गर्नुपर्ने देखिन्छ ।
- गाउँपालिकाको आन्तरिक आय न्यून रहेकाले आन्तरिक आय बृद्धिका नयाँ उपायहरूको खोजी गर्नुपर्ने देखिन्छ ।
- थोरै बजेट विनियोजन हुदा अधुरा योजनाहरू रहेकाले सबैभन्दा पहिला अधुरो योजनालाई सम्पन्न गर्ने नीति लिनुपर्ने देखिन्छ । उपभोक्ता समितिको क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

- समुदायका कुरा सुन्नका लागि पालिकासंग समुदाय भन्ने अभियान चलाउने तथा सबै पक्ष र वर्गका सल्लाह सुझाव लिन आवश्यक देखियो ।
- जिल्ला दररेट कम हुदा कतिपय उपभोक्तालाई काम गर्न अप्ठारो परेको गुनासा आएका छन् । स्थानीय स्तरमा कामदारलाई ज्याला दर निर्धारण गर्दा महिला र पुरुष बराबार हुनुपर्ने बिषय पनि उठेका छन । कामदारहरूले जिल्ला दररेटमा भए अनुसारको ज्याला नपाएका गुनासा पनि देखिन्छ ।
- पालिकाको विभिन्न निकायबाट हुने मुल्याङकनमा लागि आवश्यक पर्ने दस्तावेजिकरणमा थप संवेदनशिल हुनुपर्ने र त्यस्ता योजना, गुरुयोजना र मापदण्ड निर्माणमा ध्यान दिनुपर्ने देखिन्छ ।

**सहभागीहरूले राखेका प्रश्न र सुझावहरू**

सहभागीहरुले लिखित र मौखिक दुवै विधिबाट आफ्ना जिशासा र सुझाव राखेका थिए ।



लक्षित वर्गलाई छुट्याइएको रकम मध्येबाट महिलाको लागी आर्थिक बजेट अलि कम भएको कारण महिला सशक्तिकरण अभियान कार्यक्रम गर्न अलि अप्ठ्यारो र सोचे जस्तो हुन नसकेकोले गर्दा बजेट बिनियोजन गर्दा महिला वर्गको लागी सशक्तिकरण अन्तेगत महिलाको क्षमता अभिवृद्धि गर्नको लागी महिलाको लागी बजेट बिनियोजन गर्दा ध्यान दिनुहुन हार्दिक अनुरोध गर्दछौ ।

सिलुवा महिला विकास समिती

खर्कखोला गा. पा. ले २० जना मेलमिलापकर्ता तालिम दिएर उपलब्ध त गराएको छ । तर मेलमिलाप कर्ताको कुनै पनि वडामा खासै व्यवस्थापन नभएको देखिएको छ । प्रत्येक वडमा मेलमिलाप कर्ताको लागी व्यवस्थापन गर्न पहल हुनेछ भन्ने हार्दिक अनुरोध गर्दछु ।

खर्कखोला - १

सिलुवा मेलमिलाप कर्ता

**भोग बहादुर श्रेष्ठ, नेपाली कागेंसका प्रतिनिधि**

शिक्षा, स्वास्थ्य, पर्यटन र रोजगारको बिकासमा पालिकाले ध्यान दिनु पर्दछ । दशैं अघि नै गाउँका बाटोघाटो सरसफाई गर्ने भनिएता पनि सिलुवाको कयनपानीमा अहिलेसम्म पहिरो पन्छाएको छैन । गोलीपाटामा पनि समस्या उस्तै रहेको छ । बासुका भञ्ज्याङ्गदेखी दार्सीङभञ्ज्याङ्गसम्मको मोटरबाटो मंसिरदेखी माघसम्म मात्र चल्छ, यसको स्तरउन्नतीमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । योजना र बजेट निर्माणमा प्रतिपक्ष विना एकलौटी तरिकाले हुने गरेको देखिन्छ, पालिकाले यसमा सुधार गर्नुपर्ने र प्रतिपक्षका कुराहरु पनि सुन्ने गर्नुपर्दछ ।

**खेम बहादुर हिस्की, नेकपा एमाले प्रतिनिधि**

पशु प्राविधिकले सचिवको काम गर्दा पशुपालन क्षेत्रमा उहाँले काम गर्न सक्नु भएको छैन, जसले पशुपालन गर्ने कृषकहरूलाई सेवा लिन कठिन भएको छ । स्थानीय जनताले दुःख पाएका छन् । बाढी पहिरो र खोला कटान नियन्त्रण गर्न ग्याविन जाली र होम पाईपको माग गरेपनि सिलुवाबासीले आवश्यकता अनुसार पाउन सकेका छैनन् । सिलुवा स्वास्थ्य चौकी भवन निर्माणको काम के भइराखेको छ ? । अकलादेवी आधारभूत विद्यालयमा शिक्षक दरबन्दीको कम भएर माग गरिएको छ कहिलेसम्म दरबन्दीको शिक्षक पाइन्छ ।

**मान बहादुर बयम्बु, राष्ट्रिय जनमोर्चा प्रतिनिधि**

वडास्तरमा पनि नियमित रुपमा सार्वजनिक सुनुवाई गर्नुपर्दछ । ज्यामिरेदेखी अर्चले र सिलुवादेखी र रामपुरसम्मको सडक निर्माण तथा स्तरउन्नती गर्नुपर्ने देखिन्छ । सडक बिग्रिएकाले यस क्षेत्रका जनतालाई अप्ठारो परेको छ । यस क्षेत्रको प्रमुख बजार रामपुर भएकोले सडक स्तरउन्नती गरेर जान आउन सहज बनाउनु पर्दछ ।

**तोया कुमार वि.क., शिक्षक जनमार्ग मावि**

वडा कार्यालयमा कर्मचारी नहुदा सिलुवाका जनतालाई सेवा लिन अप्ठारो परेको छ । पालिकाले यसमा ध्यान दिनुपर्ने देखिन्छ ।

**मुक्ति बहादुर हिस्की, स्थानीय बासिन्दा**

जनसंख्या र भुगोलको हिसाबले पालिकाको ठुलो वडा भएपनि वडा सचिव नहुदा समस्या भएको छ । जन्मदर्ता र घटनादर्ताका कामहरू गर्न कठिन भएको छ । पुर्वखोला गाउँपालिका कार्यसम्पादन मुल्यांकनमा किन कमजोर देखियो । रिङनेरह-दार्सीङभञ्ज्याङ्ग सडकमा साउनमा खसेको पहिरो दशैं तिहारपछि मात्र हटाइयो, यो सडक पालिका गौरवको योजनाको रुपमा स्तरउन्नती गर्न ठेक्का सम्झौता भएपनि निर्माण कार्य नियमित रुपमा भएको छैन । बर्षा लागेपछि योजनाको काम गरेर फाईदा छैन । फलफूलको विरुवा ५० प्रतिशत अनुदानमा पहिला पाइन्थ्यो, अहिले किन पाईदैन ? पालिकाले हाते ट्याक्टरहरू किन अनुदानमा वितरण गर्न सकेको छैन ।

**कृष्ण प्रसाद पंगेनी, स्थानीय बासिन्दा**

रिङनेरह-दार्सीङभञ्ज्याङ्ग सडकको बजेट प्रतिवेदनमा घटेको देखियो । सडक निर्माणको थालनी कहिलेबाट हुन्छ ? मण्डली क्लब पुर्वखोलाको पहिचान भएपनि पालिकाबाट कम बजेट विनियोजन भएकाले खेल प्रतियोगिता पछि चन्दा उठाउनु पर्ने अवस्था आएको छ । वडा नं. १ सिलुवालाई भुगोल र जनसंख्याको आधारमा बजेट विनियोजन हुनु पर्दछ । हात्तिलेकलाई पर्यटकीय पुर्वाधारको रुपमा विकास गर्न गुरुयोजना बनाएर काम गर्नुपर्ने देखिन्छ । युवाहरूलाई गाउँ बस्ने वातावरण बनाउने कार्यक्रमको खाँचो रहेको छ ।

**मुक्तिनाथ पंगेनी, स्थानीय व्यक्ति**

पालिकामा वालविवाह बढेको छ यसलाई रोक्न सबै मिलेर लाग्नुपर्दछ । १९ जना २० बर्षमुनिका बालिकाहरू गर्भवती भएका छन् त्यसैले बालविवाह रोक्न पालिकाले विशेष पहल गर्नुपर्दछ । बालबालिकाहरू अध्ययनका लागी अझैपनि पुर्वखोलाबाट रामपुरमा गएका छन् यसलाई रोक्ने गरी पालिकाले कार्यक्रम ल्याउनु पर्दछ । छिमेकी पालिकाले नागरिक, कर्मचारी र शिक्षकलाई दिएको सुविधा पुर्वखोलाले पनि दिनुपर्दछ । सरकारको ३ खम्बे अर्थ निती अनुसारका कार्यक्रम बनाउनु पर्ने देखिन्छ । स्थानीय कृषकहरूलाई दिइने अनुदानको कार्यक्रमको नियमित अनुगमन हुन जरुरी छ । समुदायस्तरमा आयआर्जनका कार्यक्रमलाई थप जोड दिनुपर्दछ । बाँझो जग्गालाई गाउँपालिकाले व्यवस्थापन गरेर खेतीपाती गर्ने अभियान ल्याउनु पर्दछ ।

**जित बहादुर सारु, स्थानीय युवा**

गाउँपालिकाले जटिल प्रकारका रोग लागेका व्यक्तिहरू जस्तै मृगौला पिडितलाई सिफारिससंगै सहयोग गर्ने नीति ल्याउनु पर्दछ । सरकारले घोषणा गरे अनुसारको उपचार सेवा र सुविधा सहजहरूमा पाउने अवस्था

मिलाउनु पर्दछ । बाँदर आतंक बढेको छ, खेतबारीमा खेती हुन छाड्यो खेतबारी बाँझा भएका छन् त्यसैले पालिकाले उपयुक्त विकल्प सहितको खेती प्रणालीको थालनी गर्नु पर्दछ ।

**रबिन्द्र पंगेनी, स्थानीय युवा**

वडा सचिव र वडा कृषि प्राविधिक नहुदा सिलुवाबासीले समस्या भोग्न परेको छ । कर्मचारीहरू व्यवस्थापन चाँडो गर्न पहल गरौं । गरिब परिचय वितरणमा पेन्सन खाने व्यक्तिले गरिब परिचय पत्र सिलुवामा पाएका छन् । त्यसैले यसमा ख्याल गर्नुपर्ने देखिन्छ । सिलुवाबाट सबै अभिभावक विहिन बालबालिकाहरू समेटिएका छैनन् त्यसबारेमा विचार गरौं । आर्यभञ्ज्याङ्ग-रामपुर सडक खण्ड मर्मतको लागी पहल गर्नुपर्दछ । जनताले धेरै दु:ख पाएका छन् । बालबिवाह रोक्न सचेतना अभियान चलाउनु पर्दछ । पालिकाको काममा बैंकबाट झन्झट् दिने गरेको छ, पालिकाले सहजिकरण गरिदिनु पर्दछ । बस्तीस्तरमा नागरिकसंग भेटघाट गर्ने, गुनासो सुन्ने कार्यक्रम बनाएर जनप्रतिनिधिहरू जानु पर्दछ । पुर्वखोला भित्रका सहकारीहरूको अनुगमन कसरी भइराखेको छ, देशभरी नै सहकारी संस्थामा विकृती देखा परेको छ । पशु मरेर बीमा रकम दाबी गर्न सिफारिस लिने क्रममा कृषकसंग सिफारिस शुल्क लिने चलन छ त्यसलाई सच्चाउन जरुरी छ ।

**ज्ञान बहादुर राना, सहकारी अभियान्ता**

सहकारी ऐन, २०४८ अनुसार सञ्चालन भइरहेको छ । नयाँ अवस्था अनुसार ऐन पालिकाले बनाउने र त्यही अनुसार कार्यान्वयन गर्नुपर्ने देखिन्छ । प्राकृतिक श्रोत साधन संरक्षण र त्यसको उपयोगबाट स्थानीय समुदायले फाइदा लिन सक्ने नीति र कार्यक्रम पालिकाले बनाउनु पर्ने देखिन्छ । सामुदायिक वन र नीजि जग्गामा डढेलो लागेर धेरै प्राकृतिक स्रोत र जीवजन्तुहरूको विनास भएको छ, यसको नियन्त्रणका लागी पालिकाबाट विशेष अभियान चलाउनु पर्दछ ।

**राजेन्द्र प्रसाद ढकाल, सिलुवाबासी**

सिलुवामा कृषि र पशुपालनमा राम्रो सम्भावना भएपनि कृषि प्राविधिक नहुदा कृषकहरूलाई समस्या भएको छ । गाउँपालिकाले कृषिको सम्भावना, कृषकको आश्यकता हेरेर कर्मचारी र कार्यक्रम व्यवस्थापन हुनु पर्दछ । सरकारी शिक्षक र निजी शिक्षक बीच तलब फरक छ त्यसैले तलब एकै पटक र समान पाउने व्यवस्था हुनुपर्दछ ।

**शान्ती श्रेष्ठ, महिला अभियान्ता**

पुर्वखोला गाउँपालिका शिक्षा र स्वास्थ्यमा अगाडी भन्ने आधारहरू के कस्ता छन् । पालिका भित्रका महिलाको आयआर्जन र सशक्तिकरणमा कम प्राथमिकता दिइएको छ । गृहणी महिलालाई रोजगारी सिर्जना हुने कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

**गणेश प्रसाद श्रेष्ठ, सिलुवाबासी**

स्थानीय सरकारले लगानी गरे अनुसारको प्रतिफल प्राप्त गर्न सकिरहेको छैन । कर्मचारी, शिक्षक, अभिभावक र गाउँपालिका सबैले आफ्नो जिम्मेवारीमा थप संवेदनशील भएर सेवाप्रवाह गर्न जरुरी छ । पालिकाले दिवा खाजा १५ रुपैयाँ दिएको छ त्यस रकमबाट खाजा खुवाउन कठिन भएकोले ५ रुपैयाँ थप गर्न पालिकासंग माग गर्दछौं । सिलुवामा खानेपानी समस्या रहेको छ, गतबर्ष खानेपानीका केन्द्रिय योजना सञ्चालन भएपनि काम सकिएको छैन र हाल काम भएको छैन । सिलुवा स्वास्थ्य चौकीमा प्रयाप्त मात्रामा औषधीको व्यवस्थापन हुनुपर्दछ ।

**समिर श्रेष्ठ, विद्यार्थी**

सिलुवा सहित अन्य वडाका विद्यार्थीहरू उच्च शिक्षा हासिल गर्न पूर्वखोला वा रामपुर जानु पर्दछ तर दुवै स्थानमा जान कठिन छ । विद्यालय आउने जाने सडकहरू हिउँदोमा धुलाम्मे भएकाले बिहान लगाएको पोशाक साँझ घर पुग्दा धुलोले भरिन्छ । बर्षादको सययमा पनि हिड्न नसकिने हुन्छ । यस बिषयमा पालिकाको ध्यान जान जरुरी छ । कक्षा १० र १२ पढ्ने विद्यार्थीहरूलाई सिपमुलक तालिम र आयआर्जन गर्दै पालिका भित्रै पढ्न सकिने व्यवस्था गर्नु पर्दछ ।

**अम्बिका पन्थी काफ्ले, महिला सामुदायिक स्वयमसेविका**

महिला सामुदायिक स्वयमसेविकाहरूको वडास्तरमा घुम्ती बैठक गर्ने निर्णय गरियो तर वडा र पालिकाबाट बैठकका लागि आवश्यक पर्ने बजेट विनियोजन हुन नसेपछि अलपत्र परिएको छ । स्वयमसेविकाहरूलाई परेको समस्याप्रति संवेदनशील हुन जरुरी छ । किनकी स्वास्थ्य क्षेत्रको सुधारमा धेरै काम गरेपनि त्यस अनुसारको सहयोग भएको छैन । सुत्केरीका घरसम्म पुग्न लाईट, घाम पानीबाट बच्न छाता जस्ता अति आवश्यक सामग्रीको व्यवस्था गर्नुपर्दछ ।

**युवराज काफ्ले, शिक्षक**

पालिकाभित्र अंग्रेजी ब्लकमा कसरी पढाइ भईरहेको छ । अंग्रेजी ब्लकमा शुल्क उठाइएको छ, किन त्यसो गरिएको छ ? पुर्वखोलामा संस्थागत विद्यालय नभएकाले बालबालिकाहरु अन्य स्थानमा गुणस्तरीय शिक्षा लिन जान थालेका छन् । पालिका भित्र राख्ने नीति बनाउनु पर्दछ । गरिब परिचयपत्र वितरणमा अलि समस्या देखियो, गरिबले नपाउने धनीले पाएका छन । सिलुवामा ज्येष्ठ नागरिक परिचयपत्र वितरण हुन सकेको छैन । कक्षा ८ को परीक्षा प्रणालीमा सुधार गर्नुपर्ने खाँचो देखिन्छ । विद्यार्थी फेल नहुने भएपनि शिक्षाको गुणस्तरीय खस्किएको छ । विद्यार्थीले पढ्न छाडेको छ, शिक्षकले पनि मिहिनेत कम गर्न थाले त्यसैले शिक्षक र अभिभावकहरू थप जिम्मेवारी हुनुपर्ने देखिन्छ ।

**श्याम बहादुर दिशा, प्रधानाध्यापक, जनमार्ग मावि**

अभिभावक विहिन सबै बालबालिकाहरुलाई पालिकाले कक्षा १२ सम्म निःशुल्क पठनपाठनको व्यवस्था गर्नुपर्ने देखिन्छ । रामपुर नगरपालिका ९ मा खुलेको हटलाईन एकेडेमीले पुर्वखोला र सिलुवालाई केन्द्रित गरेर शैक्षिक कार्यक्रम ल्याएको छ । त्यसैले पालिकाले एकेडेमीसंग प्रतिस्पर्धा गर्न सक्ने शैक्षिक कार्यक्रम र योजना बनाउनु पर्दछ । विद्यालयहरूमा तेक्वान्दो खेलको प्रशिक्षक जस्तै योग शिक्षक विद्यालयमा राख्न सके राम्रो हुने देखिन्छ । विद्यालयहरूमा मनोपरामर्श कार्यक्रमहरू सबै विद्यालयमा नियममित रुपमा सञ्चालन गर्न सके राम्रो हुने थियो । सिलुवाको जनमार्ग माविलाई विग स्कुल अवधारणा अनुसार विकास गर्नु पर्दछ भन्ने सुझाव रहेको छ ।

**हरि प्रसाद न्यौपाने, उद्बुद्ध कलेज क्याम्पस प्रमुख**

पुर्वखोलाको एकमात्र क्याम्पस उद्बुद्ध कलेज भएकोले सिलुवा क्षेत्रका विद्यार्थीहरू त्यहाँ पढ्ने वातावरण सबै मिलेर बनाउनु पर्दछ । जसका लागी क्याम्पस आवश्यक सहयोग गर्न तयार रहेको छ ।

**बालकृष्ण पंगेनी, सभापति सिलुवा रेडक्रस उपशाखा**

सिलुवाको रेडक्रस उपशाखाले पालिका भरीका वडाहरूका रेडक्रसका कार्यक्रम गतिविधी बिस्तार गर्नु पहल गरेको छ यसमा गाउँपालिका र वडाहरूबाट समन्वय र सहकार्यको अपेक्षा गरिन्छ । कृषि उत्पादन बृद्धि गर्न बनेका कृषि टनेल प्रगोग विहिन अवस्थामा छन् । माग र आवश्यकता आधारमा योजना

सञ्चालन गर्न सकिए यस्तो अवस्था हुने थिएन । गाउँपालिका भित्र पालिका बाहिरबाट कति कृषि उत्पादन आयात हुने गर्दछ भन्ने तथ्यांक राख्न जरुरी छ । त्यो भएका कस्ता र के उत्पादन पालिकामा गर्ने भन्ने कार्यक्रम बनाउन सजिलो हुने थियो ।

**सहभागीहरूले राखेका जिज्ञाशाहरूको सम्बोधन :**

- गाउॅपालिका नीतिगत बिषयहरू र अगामी दिन गर्ने सकिने बिषयहरूका बारेमा गाउॅपालिका अध्यक्ष नून बहादुर थापाले स्पष्ट पार्नुभएको थियो ।
- गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सुन्दर प्रसाद श्रेष्ठले उठेका सवालहरू उत्तर र स्पष्टीकरण दिनुभएको थियो । उहाॅले प्राप्त सुझावहरूलाई गहन रुपमा लिएर आगामी कार्यक्रम निर्माण र योजना कार्यान्वयनमा समावेश गर्न जोड दिने प्रतिबद्धता जनाउनु भएको थियो । आएका सुझाव र गुनासाहरूलाई कार्यपालिका बैठमा छलफल गरेर जेठ मसान्तसम्म सबै योजनाको फरफारक हुने तयारी गर्ने उल्लेख गर्नुभयो ।
- बिषयगत शाखाप्रति उठाएका जिज्ञासाहरूका बारे प्राविधिक शाखा प्रमुख इन्जिनियर लक्ष्मण न्यौपाने र शिक्षा शाखा प्रमुख लोकहरी देवाकोट, लेखा अधिकृत सुमन भट्टराई, स्वास्थ्य शाखा प्रमुख मोहन ढकाल, कृषि शाखा प्रमुख सन्तोष कडेंल, सहकारी शाखा प्रमुख शर्मिला चौधरी आफ्नो क्षेत्र र बिषयसंग सम्बन्धित प्रश्नहरू उत्तर दिनुभएको थियो ।

**सार्वजनिक सुनुवाईको उपलब्धी :**

- सेवाग्राही र सेवा प्रदायक बीच अन्तरक्रिया गरेर भएका राम्रा पक्षको जानकारी लिने र दिने गरियो । सुधार गर्नुपर्ने बिषयमा आवश्यक सल्लाह र सुझावहरू प्रदान गर्ने मौका मिल्यो ।
- गाउॅपालिकाले आफ्नो सेवाप्रवाह, कार्यक्रम र बजेट देखिएका समस्याहरु सुधार गर्ने प्रतिवद्धता जनाएको छ । गाउँपालिका र स्थानीय समुदाय बीच देखिएको मतभेद कम गर्ने अवसर भएको छ ।
- गाउँपालिकालाई स्थानीय बासिन्दाले हेर्ने दृष्टिकोण पत्ता लगाउन सहज भएको छ र आगामी दिनमा सेवा प्रवाहमा सुधार गर्न सकारात्मक सुझावहरू प्राप्त भएका छन् ।
- गाउँपालिकाका कर्मचारी र जनप्रनिधिहरूबाट भएका सकारात्मक कार्यको प्रशंसा भएको छ । पालिकाले गरेका कमजोरीहरूलाई सच्चाएर अगाडी बढ्नका लागी मार्गनिर्देशन प्राप्त भएका छन् ।
- सेवाग्राहीहरूमा भएका असन्तुष्टीहरूलाई सम्बन्धि पक्षसम्म पुऱ्याउने अवसर मिलेको छ ।

# सार्वजनिक सुनुवाईका झलकहरू



सम्झौता समय अगाव योजना सम्पन्न डिभिजन कार्यालय प्रमुख सापकोटाले छैन ।

## पूर्वखोला गाउँ सरकारको दोस्रो चौमासिक प्रगति ४३ प्रतिशत

कृष्ण पोखरेल

पाल्पा, चैत २९/जिल्लाको पूर्वखोला गाउँपालिकाको दोस्रो चौमासिक प्रगति ४३ प्रतिशत हासिल भएको छ । चालु आर्थिक वर्षको श्रावणदेखि फागुनसम्म आठ महिनाको अवधिमा गाउँपालिकाले चालुतर्फ ४६.३१ प्रतिशत र पुँजीगततर्फ ३५.०९ प्रतिशत बजेट खर्च गरी ४३.५ प्रतिशत प्रगति हासिल गरेको हो ।

पालिकाले दोस्रो चौमासिक सार्वजनिक सुनुवाई गरी प्रगतिका बारेमा जानकारी गराएको छ । उसले आर्थिक विकासमा ३४.९२ प्रतिशत, सामाजिक विकासमा ४२.३९ प्रतिशत, पूर्वाधार विकासमा ३९.९७ प्रतिशत, सुशासन क्षेत्रमा ४०.६७ प्रतिशत, कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा ५३.४१ प्रतिशत रकम खर्च गरेको छ । यसैगरी दोस्रो चौमासिकसम्म विभिन्न उपशिर्षकमा पशु विकासमा ४० प्रतिशत, शिक्षा युवा तथा खेलकुदमा ४९.४९ प्रतिशत, स्वास्थ्यमा ३६.४७ प्रतिशत, कृषिमा ४३.९८ प्रतिशत, गाउँपालिकाको ४२.०८ प्रतिशत खर्च भएको पालिकाले सार्वजनिक गरेको छ । उसले ८ महिनाको अवधिमा १ सय १५ वटा गरिव परिचयपत्र वितरण गरेको, ६ वटा वडामा ३० जना मेलमिलापकर्ताबाट सामाजिक रुपमै विमेल भएका स्थानमा मेलमिलाप अभियान चलाउँदै आएको, चालु आर्थिक वर्षमा पूर्वखोलामा ७ वटा न्यायिक मुद्दा परेकोमा २ वटा मिलापत्र गरेको, दुई वटा जिल्लामा पठाएको, २ वटा प्रक्रियामा रहेको र १ वटा तामेलीमा गएको उल्लेख गरिएको छ । १८ वटा अपाङ्ग परिचयपत्र वितरण गरेको, ३० लाख ७१ हजार राजश्व संकलन भएको, पालिकाभित्र ४५ वटा व्यवसाय दर्ता र १३२ वटा नविकरण भएका पालिकाका प्रमुख प्रशासकीय अधिकृत सुन्दर प्रसाद श्रेष्ठले जानकारी गराए । १४ हजार ४ सय ५ पशु, पक्षीहरुमा उपचार, खोप तथा विभिन्न किसिमका सेवा प्रदान गरेको, १० जना गणकहरुलाई किसान सूचीकरणको लागि तालिम प्रदान गरी घर-घरमा खटाएको, ३ हजार ५० कृषकहरुलाई पूर्ण नि:शुल्क रुपमा हिउँदे तरकारी मिनिकिट र १ सय ६० किसानलाई तरकारी वितरण गरेको, विंरकोट र हेक्लाङ्गमा सिताके र अन्य क्षेत्रमा कन्ये च्याउ अभियान सञ्चालन गरेको, १ सय ८५ किसानलाई ४ सय ५५ केजी तोरीको विउ ५० प्रतिशत अनुदानमा वितरण गरेको प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले बताए । (...बाँकी अन्तिम पेजमा)









**सहजिकरण गर्ने संस्थाको विवरण :**

| | | |
|---|---|---|
| संस्थाको नाम | पाल्पा विकास केन्द्र | |
| ठेगाना | तानसेन नगरपालिका-२, पाल्पा | |
| संस्थाको दर्ता नं./दर्ता मिति | ११७/०६५ जि.प्र., २०६५ चैत्र २५ गते | |
| | २७४३४/०६६ (समाज कल्याण परिषद) | ११७/०६६ गैसस, पाल्पा |
| अनुभव | पालिकाहरूको सार्वजनिक सुनुवाई, मिडिया व्यावस्थापन, सामाजिक परीक्षण, क्षमता विकास र सामाजिक परिचालनको क्षेत्रमा काम गरेको अनुभव रहेको छ। | |

*पाल्पा विकास केन्द्र,*
*तानसेन*